# →नेपालको इतिहास←

## नेपालको इतिहास (History of Nepal)

- धर्मशास्त्र तथा पुराणहरूमा नेपाललाई अत्यन्त प्राचीन राष्ट्र वर्णन गरिएको छ ।
- बुटवलको तिनाउ क्षेत्रमा फेला परेको रामपिथेकसको अवशेषबाट नेपालमा १ करोड वर्ष भन्दा पहिला मानव बसोबास भएको पुष्टि हुन्छ ।
- सर्वप्रथम 'नेपाल' शब्दको प्रयोग **'अथर्व परिशिष्ट'** मा भएको पाइन्छ ।
- नेपालका शिलालेखमा भने नेपाल शब्दको पहिलो प्रयोग वि.सं. ५६९ को टिष्टुङ (मकवानपुर) अभिलेखमा भएको पाइन्छ ।
- युग अनुसार नेपालको नाम र विश्वको राजा
  - सत्य युगः सत्यवती (ययति)
  - त्रेता युगः तपोवन (रामचन्द्र)
  - द्वापर युगः मुक्ति सोपान (युधिष्ठिर)
  - कलि युगः नेपाल (भोजराज)
- नेपालको इतिहासलाई ३ वटा कालखण्डमा विभाजन गरी अध्ययन गरिन्छ ।
  - **प्राचीन कालः** नेपाल उपत्यकाको उत्पत्ति देखि वि.सं. ९३६ सम्म
  - **मध्य कालः** वि.सं. ९३६ देखि वि.सं. १८२५ सम्म
  - **आधुनिक कालः** वि.सं. १८२५ देखि हालसम्म

# प्राचीन काल

## १. गोपाल वंश

- नेपालमा शासन गर्ने पहिलो वंश
- **जातिः** 'निप'
- **मुख्य पेशाः** गाईपालन
- **शासन केन्द्रः** मातातीर्थ (काठमाडौं)
- **पहिलो राजाः** भूमि गुप्त (भुक्तमान)
- **अन्तिम राजाः** यक्ष गुप्त (जीत गुप्त)
- **शासन अवधिः** ८ जना राजाले ५२१ वर्ष शासन गरेको (इतिहासकार राइटका अनुसार)
- पशुपति ज्योतिर्लिङ्ग गोपालहरूकै पालामा फेला परेको मानिन्छ ।

## २. आभिर वंश / महिषपाल वंश

- दक्षिण भारतबाट नेपाल प्रवेश गरेका
- **जातिः** निप
- **मुख्य पेशाः** भैंसीपालन
- **शासन केन्द्रः** मातातीर्थ
- **राजाहरूः** वर सिंह, जय सिंह र भुवन सिंह ( इतिहासकार कर्क पेट्रिकका अनुसार ३ जनाले १११ वर्ष शासन गरे)

## ३. किरात काल

- नेपालमा व्यवस्थित राजतन्त्रको सुरुवात भएको काल
- **वंशः** हाङ
- **शासन सञ्चालन आधारः** मुन्धुम.
- **शासन केन्द्रः** गोकर्ण (पछि २८ औं राजा पटुकले शंखमुल सारेका)
- **पहिलो राजाः** यलम्बर
- **अन्तिम राजाः** गस्ती
- **प्रमुख घटनाहरूः-**

  **हुमती (६ औं राजा):** महाभारतको युद्ध भएको

  **जितेदास्ती (७ औं राजा):** गौतम बुद्ध काठमाडौं आएका

  **स्थुन्को (१४ औं राजा):** भारतीय सम्राट अशोक नेपाल आएका
- **सम्राट अशोकले खडा गर्न लगाएको स्तम्भः** अशोक स्तम्भ **(६.५ मि./ २१.४ फिट)**
- सम्राट अशोक नेपाल आउदा आफ्नो छोरी चारुमतीलाई पनि सँगै लिएर आएका थिए र आफ्नो छोरी **चारुमती**को विवाह राजकुमार **देवपालसँग** गर्दिएर आफू एक्लै भारत फर्केका थिए ।
- किरातहरूले पशुपतिनाथलाई **किरातेश्वर** भनेर आराधाना गर्थे ।
- किरातहरूले शिवलाई पारोहाङ र पार्वतीलाई सुम्निमा भन्दथे ।
- पशुपतिमा रहेको नेपालको सबैभन्दा पुरानो **'विरुपाक्षको मूर्ति'** किरात कालमै निर्माण भएको मानिन्छ ।
- प्रथम किराति राजा **यलम्बर**को पुर्ण कढको शालिक **संखुवासभा** जिल्लामा रहेको छ ।
- नेपालको सबैभन्दा पहिलो पर्यटक - सम्राट अशोक

# ४. लिच्छवि काल

- लिच्छविहरूको आगमन भारतको वैशाली(मुनज्झपरपुर जिल्ला) बाट भएको
- यस काललाई नेपालको 'स्वर्ण युग' भनेर चिनिने
- **वंशः** सूर्य वंश
- **राजकीय भाषाः** संस्कृत
- **प्रथम राजाः** जयदेव प्रथम
- **अन्तिम राजाः** जयकामदेव(जयदेव तृतीय)

## केही लिच्छविकालीन शब्दावली

- **ग्रामः** सानो गाउँ
- **तलः** ठुलो गाउँ
- **द्रङ्गः** सहर
- **विषयः** जिल्ला
- **पोरः** केन्द्रमा बस्ने जनता
- **जानपदः** प्रान्तमा बस्ने जनता
- **बणिकः** साधारण व्यापारी
- **सार्थवाहः** व्यापारिक नेता
- **तिलमकः** कुलो
- **अग्रहारः** शैक्षिक संस्थाले कर तिर्नु नपर्ने गरी छुट्याइएको भूमि
- **मनिकाः** घिउ, चामल, तेल आदि मापन गर्न प्रयोग गरिने एकाई
- **पञ्चपराधः** चोरी, हत्या, परस्त्रीहरण, राजद्रोह र यसमा सघाउने

## लिच्छविकालिन ४ अधिकरणहरू

- **कुथेर:** राजस्व सम्बन्धी काम गर्ने
- **माप्चोक:** विवाह र सम्बन्ध विच्छेद सम्बन्धी काम गर्ने
- **लिगंवल:** यातायत तथा सिचाई सम्बन्धी कार्य गर्ने निकाय
- **शुलि/सुल्ली:** पञ्चअपराध सम्बन्धी विषय हेर्ने

## लिच्छविकालिन पदहरू

- **महासामन्त:** प्रधानमन्त्री (महाअमात्य)
- **अमात्य:** मन्त्री
- **कुमार अमात्य:** सहायक मन्त्री
- **महासर्वदण्डनायक:** प्रधान न्यायाधीश
- **मलावलाध्यक्ष:** प्रधान सेनापति
- **भटनायक:** सेनाध्यक्ष
- **भट:** सिपाही
- **प्रसादाधिकृत:** कार्यालय प्रमुख
- **प्रधान:** गाउँ प्रमुख
- **महाप्रतिहार:** राजदरवार हेर्ने प्रमुख (दौवारिक / द्वारे)
- **विषयपति:** जिल्ला प्रमुख
- **कोट्टपाल:** किल्ला प्रमुख
- **गुल्म/गौल्मिक:** प्रहरी चौकी प्रमुख
- **चारभार:** प्रहरी कर्मचारी

### अन्य अधिकरण (कार्यालय) हरू

- **अन्तरासन / परमासन:** न्यायिक निर्णय दिनका लागि बस्ने राजा सहितको सभा
- **पाञ्चाली:** गाउँको मुद्दा मामिला र विकास निर्माणको काम गर्ने अड्डा
- **पश्चिमाधीकरण:** धार्मिक विवादहरूको छिनोफानो गर्ने निकाय

- **भट्टाधीकरणः** वर्णशंकरको अवस्थाले सामाजिक विचलन नआओस भनि काम गर्ने निकाय
- **पूर्वाधीकरणः** राजदरवार भित्रको आर्थिक गतिविधि हेर्ने निकाय
- **लिङ्गवलः** देवानी किसिमका मुद्दाहरू हेर्ने अड्डा

## लिच्छविकालिन करहरू

- **भाग करः** कृषि उत्पादनमा
- **भोग करः** पशुपालनमा
- **करः** वाणिज्यमा
- **चैल करः** कपडामा
- **तैल करः** तेलमा
- **सिंकरः** काठ / दाउरामा
- **सुकरः** सुंगुरमा
- **मल्लकरः** भैसीमा
- **पलाण्डु करः** प्याजमा
- **आपण करः** पसलमा
- **मल्लयुद्ध / गोयुद्ध करः** मनोरञ्जनमा

(**कर, भाग कर र भोग करः** यि तीनलाई त्रिकर भनिन्थ्यो)

## प्रमुख लिच्छवि राजाहरू

### (I) मानदेव

- राजा धर्मदेव र रानी राज्यवतीको छोरा
- यिनको छोराको नाम महिदेव थियो
- शासन अवधिः वि.सं. ५२१ देखि वि.सं. ५६२ सम्म
- सर्वप्रथम शिलालेखको स्थापना गर्ने राजा
- नेपालको पहिलो प्रमाणिक राजा

- नाग र वासुकिको पुजा गर्ने चलन चलाउने राजा
- चागुनारायण र मानगृहको स्थापना गर्ने राजा
- **'मानाङ्क'** मुद्रा प्रचलनमा ल्याउने राजा
- गोकर्णमा बस्ती बसाउने राजा

## (II) वसन्तदेव

- नेपालमा द्वैध शासन सुरुवात गर्ने राजा
- शिलालेखमा 'स्वस्ति नेपालभ्य' लेख्ने राजा
- स्वस्ति नेपालभ्य भनेको 'नेपालको भलो होस्'

## (III) अंशुवर्मा (शिवदेवको भान्जा)

- यिनि ठकुरी वंशका थिए
- सर्वप्रथम महाराजाधिराज उपाधि पाउने राजा
- महासामन्त, कलहभिमानी आदिको पदवी पाउने राजा
- युवराजको घोषणा गर्ने चलन चलाउने राजा
- पशुपतिलाई राज मान्यता दिने राजा
- गुप्त संवतको चलन चलाउने राजा
- हिन्दु तथा बौद्ध दुवै धर्म मान्ने राजा
- कैलाशकुट भवन निर्माण गर्ने राजा
- बालकको सालनाल काट्ने चलन चलाउने राजा
- नेपालको इतिहासमा आदर्श शासक भनेर चिनिने राजा
- अंशुवर्माको छोरी भृकुटीको अर्को नाम 'हरिततारा' हो
- भृकुटीको विवाह तिब्बतमा स्रङचन गम्पोसँग भएको
- भृकुटीको तिब्बती नामः दिन्चुङ
- **'शब्द विद्या'** ग्रन्थको लेखक
- **बोधिसत्व**को अवतार मानिने
- पञ्चाली प्रथाको सुरुवात

### (IV) उदयदेव

- **युवराज घोषित** हुने पहिलो राजा
- तिब्बतमा शरण लिन जाने राजा

### (V) नरेन्द्रदेव

- लिच्छविकालिन आकाशको पूर्ण चन्द्र भनेर चिनिने राजा
- महाराजाधिराज परमभट्टारक भनेर चिनिने राजा
- सिंहासन शब्दको सुरुवात गर्ने राजा
- झ्यालमा बुट्टा राख्ने चलन चलाउने राजा
- भोटोजात्रा, रातो मच्छिन्द्रनाथको जात्राको चलन चलाउने राजा
- रातो मच्छिन्द्रनाथको जात्रा हेर्ने पहिलो राजाः वरदेव
- भद्रादिवास निर्माण गर्ने राजा
- **'पण र पुराण'** नामक मुद्रा प्रचलनमा ल्याउने राजा
  **(१ पुराण = १६ पण)**
- **द्रुत शासनको** अन्त्य गर्ने राजा

### (VI) प्रचण्डदेव

- **शान्ति श्री** भनेर चिनिने राजा
- पशुपतिनाथ मन्दिरको स्थापना गर्ने राजा
- स्वयम्भुको ज्योतिलाई छोपी सो माथि चैत्य निर्माण गर्ने राजा

### (VII) गुणकामदेव

- **लक्ष्मीकामदेव** भनेर चिनिने राजा
- कान्तिपुरमा मानव बस्ती बसाउने राजा
- आधुनिक काठमाडौंको निर्माता
- कुमारीको (शाक्य परिवारको कन्या) पुजा गर्ने चलन चलाउने राजा
- इन्द्रजात्रा, लाखेजात्रा, कृष्ण जात्रा, हिले जात्रा आदिको चलन चलाउने राजा

## ५. सोम वंश

- किरातवंश पछि शासन गर्ने वंश (अर्को शासन केन्द्रमा)
- शासन केन्द्र: गोदावारी (ललितपुर)
- पहिलो राजा: निमिष
- अन्तिम राजा: भास्करवर्मा (भुमिवर्मा)
- ६ जना राजाले ३५५ वर्ष शासन गरेका थिए
- गोदावारीको बाह्र वर्षे मेलाको सुरुवात निमिषले गरेका थिए
- पशुपतिको जिर्णोद्धार गराई पशुपतिको छानालाई स्वर्णमय र सुनको गजुर राखे राजा: पशुप्रक्षदेव
- पशुपतिलाई स्वर्णमय बनाउने राजा: भास्करवर्मा

## ६.सिम्रौनगढको कर्णाटक राज्य

- कर्णाटक राज्यलाई तिरहुत राज्य, डोय राज्य आदि नामले समेत चिनिन्छ ।
- राजधानी: सिम्रौनगढ (बारा)
- स्थापना: वि.सं. ११५४ मा नान्यदेवद्वारा
- अन्तिम राजा: हरिसिंहदेव
- डोय राज्य २२९ वर्षसम्म अस्तित्वमा रहेको

# मध्यकाल (वि.सं. ९३६ - १८२५ सम्म)

## मल्लकाल

- नेपालमा मल्लहरूको आगमन भारतको कुशिनगरबाट भएको
- शरणार्थीको रूपमा नेपाल प्रवेश गरी सर्वप्रथम गण्डकी क्षेत्रमा बसोबास गरेका
- पहिलो मल्ल राजाः अरिदेव मल्ल (वि.सं. १२५८ बाट)
- कलाको विकासमा मल्लकाललाई नेपालको स्वर्णयुग भनेर चिनिन्छ।

### मल्लकालिन पद तथा निकायहरू

- **चौताराः** प्रधानमन्त्री
- **अमात्यः** मन्त्री
- **उमरा / उमरावः** सैनिक अधिकृत
- **छरिदारः** डौडहा टोलीको प्रमुख
- **कोटनायकः** किल्ला रक्षक
- **टकसारीः** सिक्का छाप्ने व्यक्ति
- **द्वारेः** गाउँको झगडा हेर्ने व्यक्ति
- **ढल्पाः** कुलो, नहर आदि सम्बन्धित कार्य गर्ने
- **विषयः** जिल्ला
- **पञ्च थकालीः** पञ्चहरूको प्रमुख
- **राजोपाध्यायः** राजगुरू
- **कोटवालः** आफ्नो क्षेत्रमा शान्ति कायम गर्ने पदाधिकारी

## प्रमुख मल्ल राजाहरू

### (I) जयस्थिति मल्ल

- नेपालमा व्यावसायिक शिक्षाको सुरुवात गर्ने राजा
- विवाह पछि महिलाको थर पुरुषमा बदल्ने चलन चलाउने राजा
- अपराधीलाई शारीरिक दण्डको सट्टा आर्थिक दण्ड दिने चलन
- राजपरिवारका सदस्यको मृत्युमा **'दिपक राग'** बजाउने चलन
- पशुपति छेउमा **लभकुशको मन्दिर** निर्माण गर्ने राजा
- जग्गालाई **अब्बल, दोयम, सिम र चाहार** गरी चार भागमा विभाजन गर्ने राजा
- जग्गा धनीलाई **तलसिङ** र जग्गा कमाउनेलाई **मोही** भन्ने चलन चलाउने राजा
- **'मानव न्याय शास्त्र'** को लेखक
- सामाजिक सुधारक राजा

### (II) यक्ष मल्ल

- नेपाल मण्डलेश्वर भनेर चिनिने राजा
- भक्तपुरको दत्तात्रेय मन्दिरको निर्माण गर्ने राजा
- ललितपुरको भिमनाथ मन्दिरको निर्माण गर्ने राजा
- 'संहिता पाठ' का लेखक
- पशुपतिमा भट्ट थरको पुजारी राख्ने चलन चलाउने राजा
- पहिलो भट्ट पुजारीः स्वामी शेखरानन्द
- काठमाडौं उपत्यकाको राज्य विभाजन गरी छोराहरूलाई बाँड्ने राजा

| राज्य | पहिलो राजा | अन्तिम राजा |
|---|---|---|
| १. कान्तिपुर | रत्न मल्ल | जयप्रकाश मल्ल |
| २. पाटन (ललितपुर) | रण मल्ल | तेजनरसिंह मल्ल |
| ३. भादगाउँ (भक्तपुर) | राय मल्ल | रणजित मल्ल |

### (III) महेन्द्र मल्ल (कान्तिपुर)

- प्रजा मर्दा छाक छोड्ने राजा
- जनताको घरबाट धुवा निस्किएपछि मात्र खाना खाने राजा
- तलेजु भवानीको मन्दिर निर्माण गर्ने राजा
- श्वेत विनायक जात्राको चलन चलाउने राजा
- चाँदीको मोहर प्रचलनमा ल्याउने राजा (मोहरको नामः महेन्द्र मल्ली)
- नेपाली मुद्रालाई तिब्बतमा चलाउने राजा

### (IV) लक्ष्मीनरसिंह मल्ल (कान्तिपुर)

- **बौलाहा राजा** भनेर चिनिने राजा
- धोवीको हातको पानी चलाउने राजा
- काष्ठमण्डपको निर्माण गर्ने राजा
- काष्ठमण्डपको अर्को नाम 'मरूसतल'
- काष्ठमण्डपको निर्माण गर्ने व्यक्तिः बिसेन

### (V) प्रताप मल्ल (कान्तिपुर)

- आफ्नै बाबु लक्ष्मीनरसिंह मल्ललाई कैद गरी राजा भएका
- आफ्नो नामको अगाडि **'कविन्द्र'** लेख्ने राजा
- १५ भाषाका ज्ञाता
- मल्ल वंशका सबैभन्दा शक्तिशाली राजा
- तान्त्रिक शक्ति द्वारा काल भैरवलाई हसाउने राजा
- भारतको कुचविहारबाट डोली झिकाई विवाह गर्ने राजा
- रानीपोखरी, दक्षिणकाली मन्दिर आदिको निर्माण गर्ने राजा
- यिनको पालादेखि राजपरिवारका सदस्यले बुढानिलकण्ठको दर्शन गर्न छोडेका
- नेपालमा दुरविनको प्रयोग गर्ने पहिलो व्यक्ति
- हरिसिद्धिको नाच हेर्दाहेर्दै मर्ने राजा

- मुद्रामा रानीको नाम उल्लेख गर्ने पहिलो मल्ल राजा (चारकुने मुद्रा)

### (VI) योगनरेन्द्र मल्ल (पाटन)

- तमाखुमा विष मिसाई षडयन्त्र पूर्वक मारिने राजा
- यिनको मृत्युमा ३१ जना रानी सती गएका
- हालसम्म पनि जीवित मानिने राजा
- सैनिक बहादुरी देखाउनेलाई चुडामणी पदक दिने राजा
- "जबसम्म मेरो शालिक माथिको चरा उडेर जादैन तबसम्म मलाई जीवित नै छ भनेर सम्झनु" भन्ने राजा

### (VII) सिद्धिनरसिंह मल्ल (पाटन)

- छालाको मुद्रा प्रचलनमा ल्याउने राजा
- गर्मीमा पञ्चाग्नि ताप्ने र जाडोमा खुल्ला आकाशमुनि बस्ने राजा
- २१ गजुर भएको पाटनको कृष्ण मन्दिरको निर्माण गर्ने राजा (वि.सं. १६९३, शिखर शैली)
- कार्तिक नाचको चलन चलाउने राजा
- राजकाज छोरालाई सुम्पिएर आफु धर्मकर्ममा लाग्ने राजा
  छोराः श्रीनिवास मल्ल (जसलाई नेपालेश्वर पनि भनिन्छ)
- गोरखाका राम शाहसँग व्यापारिक सम्बन्ध कायम गर्ने राजा

### (VIII) भुपतिन्द्र मल्ल (भादगाउँ)

- **'कवि चुडामणी सम्राट'** भनेर चिनिने राजा
- न्यातपोल मन्दिरको निर्माण गर्ने राजा
- भक्तपुरको ५५ झ्याले दरबारको निर्माण गर्ने राजा
- **'उषाहरण' र 'जैमिनी भारत'** का लेखक
- भैरव मन्दिरको निर्माण गर्ने राजा

### (IX) जयप्रकाश मल्ल (कान्तिपुर)

- मल्लकालका अभागी राजा
- पृथ्वीनारायण शाहसँग छाता र जुत्ता माग्ने राजा
- विश्वको सबैभन्दा सानो मुद्रा 'जावा' निष्कासन गर्ने राजा (वि.सं. १७९७ मा)
- घोडेजात्रामा कुमारीको रथ घुमाउने चलन चलाउने राजा
- बालाजुको **२१ धाराको** निर्माण गर्ने राजा
- २२ औं धारा रणबहादुर शाहले निर्माण गरेका हुन्
- स्वर्ण मुद्रा र असर्फी प्रयोगमा ल्याउने राजा

### (X) रत्न मल्ल (पाटन)

- तामाको मुद्रा प्रचलनमा ल्याउने राजा
- नेपालमा मुसलमानहरूको प्रवेश रत्न मल्लको पालामा भएको

### (XI) जगज्योति मल्ल (भादगाउँ)

- तलेजु भवानीसँग जुवा खेल्ने राजा
- बिस्केट जात्राको चलन चलाउने राजा
- **'हरगौरी विवाह'** र **'कुञ्ज बिहरि'** का लेखक
- भक्तपुरमा आदि भैरवको रथयात्रा निकाल्ने चलन चलाउने राजा

### (XII) जितामित्र मल्ल (भादगाउँ)

- आफ्नो नामको अगाडि **'सुमति'** लेख्ने राजा

### (XIII) रणजीत मल्ल (भादगाउँ)

- **'शरणको मरण गर्नु हुँदैन'** भन्ने मल्ल राजा
- झ्यालमा रंगिन सिसा राख्ने चलन चलाउने राजा


## कुन मल्ल राजा कसरी मरे?

- भूकम्पमा परी मर्ने राजाः अभय मल्ल
- तीर्थ जाँदा बाटोमा मर्ने राजाः भूपालेन्द्र मल्ल
- प्लेग रोगका कारण मर्ने राजाः भास्कर मल्ल
- तमाखुमा विष मिसाई मारिने राजाः योगनरेन्द्र मल्ल
- हरिसिद्धिको नाच हेर्दाहेर्दै मर्ने राजाः प्रताप मल्ल
- परस्त्रीसँग संसर्गको आरोपमा काटिएका राजाः विश्वजित मल्ल

विद्या मन्दिर

# आधुनिक काल (वि.स.१८२५-हालसम्म)

## गोरखा राज्यको स्थापना




- **गोरखा राज्यको स्थापनाः** वि.स.१६१६ भाद्र २५(लिगलिगमा प्रथम बिजय)
- गोरखामा शाह वंशको स्थापना हुनु पहिले खड्काहरूले राज्य गर्दथे।

### गोरखाका शाह वंशि राजाहरू:

1. द्रव्य शाह
2. पुरन्दर शाह
3. छत्र शाह
4. राम शाह
5. डम्बर शाह
6. कृष्ण शाह
7. रुद्र शाह
8. पृथ्वीपति शाह
9. नरभुपाल शाह
10. पृथ्वीनारायण शाह

**दपुछर डकरूप नपृ**

- सबैभन्दा लामो समय शासन गर्ने राजा - पृथ्वीपति शाह
- सबैभन्दा छोटो समय शासन गर्ने राजा - छत्र शाह
- माना पाथि आदिको चलन चलाउने राजा- राम शाह
- न्याय गर्ने राजा- राम शाह

## १. पृथ्वीनारायण शाह

- जन्म - बि.स. १७७९ पौष २७
- राज्यरोहन - वि.स. १७९९ (बिस बर्षको उमेर)
- बुबा - नरभूपाल शाह
- आमा - कौशल्यावती (पाल्पा)
- पृथ्वीनारायण शाहसँग उत्तराधिकारीका लागि बिबाद भएका राजकुमार - वृन्दकेशर शाह
- पृथ्वीनारायण शाहको विवाह :
  पहिलो - मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारी
  दोस्रो - बनारसका राजपुत अभिमान सिंहकी छोरी - नरेन्द्र लक्ष्मी
- पृथ्वीनारायण शाहका गुरु - गौरेश्वर पन्त
- पृथ्वीनारायण शाहका मित - भक्तपुरका राजा रणजित मल्लका छोरा विरनरसिंह मल्ल
- पृथ्वीनारायण शाहले जाजरकोटका राजा हरि शाहसँग गंगाजीको जलमा बसि सन्धि गरेका
- पृथ्वीनारायण शाहको पालामा त्रिशक्ति भनेर चिनिने राज्यहरू - पाल्पा, तनहुँ र लमजुङ (पातल)
- नेपाल एकिकरण अगाडी गोरखालाई सर्प, लमजुङलाई गरूड र काठमाडौंलाई भ्यागुतासँग तुलना गर्ने व्यक्ति - उधीत सेन (मामा)

- नेपालमा छात्रवृत्तिको चलन चलाउने राजा
- नेपालमा राष्ट्रिय झन्डाको चलन चलाउने राजा
- सरकारी कागजातहरूमा लालमोहर लगाउने चलन चलाउने
- नुवाकोटको साततले दरबारको निर्माण गर्ने राजा
- दिल्लीका बादशाहबाट 'बहादुर शमशेर जँग' उपाधि पाउने राजा (वि.स.१८२७)
- पृथ्वी नारायण शाहले काठमाडौंलाई नेपालको राजधानि घोषणा गरेको मिति - बि.स. १८२६ चैत १०
- मृत्यु - वि.स १८३१ माघ १ गते देविघाट, नुवाकोट (मोहन तिर्थ, जुन त्रिशुलि र तादी नदीको दोभान)

- **खान्गी प्रथा** - पृथ्वीनारायण शाहको पालामा सैनिकलाई जग्गा र आर्थिक सहायता दिने प्रथा
- **मरवत नीति** - पृथ्वीनारायण शाहको पालामा युद्धमा मारिएका सैनिकका परिवारलाई जग्गा दिने नीति

## पृथ्वीनारायण शाहका पालाका केहि अड्डाहरू:

- छेडमेल अड्डा - निर्माण सम्बन्धी काम
- हुलाक अड्डा - हुलाक सम्बन्धी काम
- मुन्सी खाना - परराष्ट्र सम्बन्धी काम
- इलाइची कोठी - बाणिज्य सम्बन्धी काम

## पृथ्वीनारायण शाहले कहाँ र कहिले बिजय प्राप्त गरे?

- नुवाकोट - बि.स. १८०१ असोज १५ (पहिलो बिजय)
- मकवानपुर - वि.स. १८१९ भाद्र ९ (ससुराली राज्य)
- किर्तिपुर - वि.स. १८२२ चैत ३ (धेरै धनजनको क्षति)

- पहिलो आक्रमण - बि.स. १८१४ मा कालु पाण्डेको मृत्यु
- दोस्रो आक्रमण - वि.स. १८२१ मा पृथ्वीनारायण शाहको भाई शुरप्रताप शाहको आँखा फुटेको
- तेस्रो आक्रमण - वि.स. १८२२ मा विजय प्राप्त

- काठमाडौं - वि.स. १८२५ असोज १३
- ललितपुर - वि.स. १८२५ असोज २४
- भक्तपुर - वि.स. १८२६ मंसिर १

## पृथ्वीनारायण शाह पछिका राजाहरू

### १. प्रतापसिंह शाह

- योग्य पिताका अयोग्य पुत्र
- रानि - राजेन्द्र लक्ष्मी
- प्रतापसिंह शाहको मृत्यु पश्चात उनका छोरा रणबहादुर शाहलाई साढे २ बर्षको उमेरमै राजा बनाई राजेन्द्र लक्ष्मी र बहादुर शाहले नायवि शासन चलाएका थिए
- बहादुर शाह (प्रतापसिंह शाहका भाई) लाई योग्य पिताका योग्य पुत्र भनेर चिनिन्छ (अर्को नाम - फत्य बहादुर)

### २. रण बहादुर शाह

- स्वामी महाराज / निर्वाणानन्द स्वामी
- राजा जय प्रकाश मल्लको अवतार
- आफ्नै भाइ शेर बहादुर शाह द्वारा हत्या गरिएको
- "म मरे मुलुक डुब्ने छैन तर भिमसेन मरे मुलुक डुब्ने छ" भन्ने राजा

- सुनको असर्फी प्रचलनमा ल्याउने राजा

## ३. गिर्वाणयुद्ध विरविक्रम शाह

- विरविक्रम उपाधि पाउने पहिलो राजा
- शाह वंशमा सबैभन्दा कम उमेरमा राजा हुने राजा (डेढ बर्षको)
- नेपाल-अंग्रेज युद्ध र सुगौली सन्धि हुँदाको राजा
- **'सत्कर्म रत्नावली'** का लेखक

## ४. राजेन्द्र विरविक्रम शाह

- अयोग्य राजा
- कोट पर्व, भण्डारखाल पर्व, अलौ पर्व हुँदाको राजा
- जङ्ग बहादुर द्वारा बन्दि बनाइएका राजा
- आफ्नै पनातिको राज्य रोहन देख्ने राजा
- भिमसेन थापाको आत्महत्या, माथवरसिंह थापा र गगनसिंहको हत्या हुँदाको राजा

## ५. सुरेन्द्र विरविक्रम शाह

- बौलाहा युवराज / सन्कि महाराज / नानि युवराज
- वि.स. १९१० मा मुलुकी ऐन आउँदाका राजा

## ६. युवराज त्रैलोक्य

- युवराज अवस्थामै मृत्यु भएको
- बुलेट महाराज
- "राणा शासनको अन्त्य नगरी श्रीपेच लगाउँदैन" भन्ने युवराज

## ७. पृथ्वी विरविक्रम शाह

- नेपालको राजदरबार हनुमान ढोकाबाट नारायणहिटीमा सार्ने राजा (वि.स. १९६३)
- ३८ सालको पर्व र ४२ सालको पर्व जस्ता घटना हुँदाका राजा

## ८. त्रिभुवन विरविक्रम शाह

- आमा – लक्ष्मीदीव्येश्वरी
- बुबा – पृथ्वी विरविक्रम शाह
- नेपालका राष्ट्र पिता
- जनताका राजा
- युरोपको भ्रमण गर्ने पहिलो राजा
- नेपालमा कागजी नोटको सुरुवात (वि.स. २००२ असोज २)
- शाहवंशमा सबैभन्दा लामो समय शासन गर्ने राजा
- मृत्यु - वि.स. २०११ फागुण ३० (स्वीट्जरल्याण्डको ज्युरिच केन्टन हस्पिटल)

## ९. महेन्द्र विरविक्रम शाह

- वि.स. २०१९ बैशाख १ गते महेन्द्र राजमार्गको शिलान्यास
- वि.स. २०१७ पौष १ गते संसद विघटन गरी पौष २२ मा पञ्चायति शासनको सुरुवात गर्ने राजा
- **"उ बाँच्न लायक छ जो मर्न देखि डराउँदैन"** भन्ने राजा
- "उसैको लागि" र "फेरि उसैका लागि" पुस्तकका लेखक

- **महेन्द्रको समयमा भएका प्रमुख कार्यहरूः**
  - योजनाबद्ध विकासको थालनी, २०१३
  - संयुक्त राष्ट्रसंघमा नेपालको सदस्यता
  - नेपाल अधिराज्यको संविधान, २०१५
  - आम निर्वाचन, २०१५
  - पञ्चायति व्यवस्थाको थालनी, २०१७
  - नेपालको संविधान, २०१९
  - मुलुकी ऐन, २०२०
  - भुमिसुधार कार्यक्रम, २०२१
  - गाउँ फर्क राष्ट्रिय अभियान, २०२४
  - नयाँ शिक्षा योजना, २०२८

## १०. बिरेन्द्र विरविक्रम शाह

- शालिन छवि भएका राजा
- नेपाललाई शान्तिको क्षेत्र घोषणा गरियोस् भनि प्रस्ताव गर्ने राजा (वि.स. २०३१ फागुण १३)
- हालसम्म ११६ राष्ट्रले समर्थन जनाएका छन् (अन्तिम राष्ट्र - आयरल्यान्ड)
- दरबार हत्याकाण्ड - २०५८ जेठ १९
- दरबार हत्याकाण्डमा राजा विरेन्द्रको वंश नाश भएको
- देशलाई ५ विकास क्षेत्रमा विभाजन गरि प्रत्येक बर्ष एक एक बिकास क्षेत्रको औपचारिक भ्रमण गरि विकास अभियानलाई तिव्र बनाउने
- दरबार हत्याकाण्डमा परि सोही दिन उनको मृत्यु भएको

## ११. दिपेन्द्र विरविक्रम शाह

- अचेत अवस्थामा राजा घोषणा भई अचेत अवस्थामै मृत्यु भएको
- राजा घोषणा - वि.स. २०५८ जेठ २०
- मृत्यु - वि.स. २०५८ जेठ २२

## १२. ज्ञानेन्द्र विरविक्रम शाह

- शाह वंशमा दुई पटक राजा हुने व्यक्ति
- सबैभन्दा बढी उमेरमा राजा हुने व्यक्ति
- वि.स. २०६१ माघ १९ मा निर्वाचित सरकारलाई भङ्ग गरी शासन आफुले चलाएका
- उनको शासनकालमा राजनीतिक दलको आव्हानमा जनआन्दोलन-२ (२०६२/६३) सम्पन्न भएको
- वि.स. २०६४ चैत्र २८ मा सम्पन्न संविधान सभाको निर्वाचनबाट गठित पहिलो बैठक (२०६५ जेठ १५) ले नेपालमा राजतन्त्र अन्त्य भई गणतन्त्रको घोषणा गरेको
- नारायणहिटी दरबारबाट बाहिरिएको मिति – **वि.स.२०६५ जेठ २९**
- शाह वंशका अन्तिम राजा

# राणा काल (वि.स.१९०३-२००७)

## राणा प्रधानमन्त्रीहरू:

### १. जङ्ग बहादुर राणा (१९०३-१९३३)

- बास्तविक नाम - विर नरसिंह कुँवर
- जङ्ग बहादुर नामाकरण गर्ने व्यक्ति - माथवरसिंह थापा (मामा)
- राणाको उपाधी दिने - राजा सुरेन्द्र (१९०५)
- श्री ३ को उपाधी दिने - राजा सुरेन्द्र (१९१३ श्रावण)
- सबैभन्दा कम उमेरमा प्रधानमन्त्री हुने व्यक्ति (२८ बर्ष)
- युरोपको भ्रमण गर्ने पहिलो प्रधानमन्त्री (१९०६-१९०८ माघ १)
- नेपालमा गिद्ध प्रेस भित्राउने व्यक्ति (१९०८ बेलायतबाट)
- दरबार हाइस्कुलको स्थापना (वि.स. १९१० असोज २७)
- **"अरुका कुरा छोड आफ्ना छोराछोरीलाई अंग्रेजी पढाउ"** भन्ने प्रधानमन्त्री
- अङ्गभङ्गको सजायमा रोक, जुवा तास खेल्न नपाउने आदि व्यवस्था
- एग्नेट प्रथाको सुरुवात तथा धर्म कचहरीको स्थापना
- वि.स. १९१२ मा नेपाल तिब्बत बिच थापाथलीको सन्धि
- सन् १८५७ मा भारतमा भएको सिपाही विद्रोह दमन गर्न सहयोग गरेकाले वि.स. १९१७ मा नयाँ मुलुक बाँके, बर्दिया, कैलाली, कञ्चनपुर नेपालमा फिर्ता दिइएको
- कौशल अड्डाको स्थापना
- वि.स. १९३३ मा रौतहटको पत्थरघट्टामा निधन भएको

## २. रणोदिप सिंह (१९३३-१९४२)

- सर्वसाधारण जनतालाई ऋण दिन तेजारथ अड्डाको स्थापना
- नेपालमा पात्रो प्रकाशनको सुरुवात
- यिनकै पालामा ३८ सालको पर्व र ४२ सालको पर्व भएका
- वि.स. १९४२ मा उनका भतिजा विर शमशेर र उनका भाईहरू मिलेर हत्या गरिएको

## ३. विर शमशेर (१९४२-१९५७)

- वि.स. १९४२ मा रणोद्वीप सिंहको हत्या गरी प्रधानमन्त्री बनेका
- यिनकै पालामा राजदरबार हनुमानढोकाबाट नारायणहिटीमा सारिएको
- नेपालमा महिला शिक्षाको सुरुवात
- आफ्नो नामको पछाडी जबरा लेख्ने पहिलो प्रधानमन्त्री
- काठमाडौं र भक्तपुरमा कलधाराको निर्माण
- पुलहरूको निर्माण
- विर अस्पताल, घण्टाघर, रानीपोखरीको पश्चिम तर्फ दरबार हाइस्कुलको निर्माण
- दरबार हाइस्कुल सर्वसाधारणका लागी खुला गर्ने (१९४२)
- चिठिमा टिकट टाँस्ने चलन चलाउने (१९४४)
- विर्ता बाढ्ने चलन चलाउने
- नेपालमा पहिलो केन्द्रिय कारागारको निर्माण (वि.स.१९५१)
- नारायणहिटी, लाल दरबार, फोहोरा दरबार र सेतो दरबारको निर्माण

- विदेशी बैङ्कमा पैसा जम्मा गर्ने पहिलो व्यक्ति
- नेपालमा मोटर चढ्ने पहिलो व्यक्ति
- तानाशा प्रधानमन्त्री

## ४. देव समशेर (१९५७)

- धनकुटे महाराज / प्रजातान्त्रिक राणा प्रधानमन्त्री
- कार्यालय समय १०-५ गर्ने
- दिउँसो १२ बजे तोप पड्काउने चलन
- भाषा पाठशालाको स्थापना
- गोरखा पत्र प्रकाशनको सुरुवात (वि.स.१९५८ वैशाख २४)
- कर्मचारीलाई बिदाको व्यवस्था
- सुधारप्रेमी राणा प्रधानमन्त्री
- सबैभन्दा छोटो कार्यकाल भएको राणा प्रधान मन्त्री (११४ दिन)

## ५. चन्द्र शमशेर (१९५८-१९८६)

- फिस्टे महाराज, धूर्त प्रधानमन्त्री
- "घरको बाघ बनको स्याल"
- मेट्रिक (SLC) पास गर्ने पहिलो प्रधानमन्त्री
- सिंहदरबारको निर्माण गर्ने
- टोपिमा ब्याच राख्ने चलन चलाउने
- राणाहरूलाई A, B र C श्रेणीमा विभाजन गर्ने
- नेपालको पहिलो जलविद्युत आयोजना "फर्पिङ जलविद्युत आयोजना" को स्थापना (वि.स. १९६८)
- जनगणना लिने कार्यको सुरुवात (वि.स. १९६८)

- प्रथम विश्वयुद्ध हुँदाका प्रधानमन्त्री
- मकै पर्व हुँदाका प्रधानमन्त्री
- सति प्रथा (१९७७) र दास प्रथा (१९८१) को अन्त्य गर्ने
- खडग निशाना अड्डाको स्थापना
- त्रिचन्द्र कलेजको स्थापना (१९७५)
- गोरखा भाषा प्रकाशिनी समितिको स्थापना (१९६९)
- रकम बन्दोबस्त अड्डा र सदर जंगी कोतवालीको स्थापना
- केन्द्रमा डाइरेक्टर जनरल पदको व्यवस्था
- मुलुकी अड्डा, मुन्सी खाना, जंगी बन्दोबस्तो अड्डा, कुमारी चोक, कमाण्डरी किताबखाना, घरकाज अड्डा, रेल्वेको विकास आदीको पुनः गठन गरी कार्य विभाजन
- Doctor of Civil उपाधि धारण गर्ने प्रधानमन्त्री

## ६. भिम शमशेर (१९८६-१९८९)

- बुढा महाराज (६४ बर्षको उमेरमा)
- शनिबार बिदा दिने चलन चलाउने प्रधानमन्त्री
- कार्यालय समय १०-४ गर्ने
- चर्खा प्रचारमा रोक लगाउने
- उखडा जाँच आयोगको गठन
- नुन र कपासमा कर छुट
- टंगाल दरबारको निर्माण
- कपास खेतीमा जोड
- उनको पालामा लाइब्रेरी पर्व, बसन्त शमशेर पर्व, प्रचण्ड गोर्खा पर्व आदी भएकार

- छोराछोरीलाई बन्धक राख्ने चलनको अन्त्य
- आफ्नो निजी ढुकुटी भर्ने र आफ्नो आफन्तहरूलाई बिर्ता बाँड्ने जस्ता काम समेत गरेका थिए

## ७. जुद्ध शमशेर (१९८९-२००२)

- राजर्षि महाराज
- सैनिक र कर्मचारीलाई पेन्सन दिने व्यवस्था
- अड्डा अडालतमा कोर्ट फि लिने ङ चलन
- नेपालमा कागजी नोटको सुरुवात (वि.स. २००२ असोज २)
- दोस्रो विश्वयुद्ध हुँदाका प्रधानमन्त्री
- कृषि क्षेत्रमा विशेष जोड
- योजनावद्ध तरिकाले खनिज उत्खनन्को सुरुवात
- विदेशबाट कृषि विशेषज्ञहरूलाई झिकाई प्रशिक्षण दिने, गाउँगाउँमा कुलो नहरको निर्माण गरी सिचाई सुविधा
- विदेशबाट उन्नत बिउ र कृषि औजारहरू झिकाई वितरण
- उद्योग परिषद् १९९३, नेपाली कपडा तथा घरेलु इलमको प्रचार अड्डाको स्थापना
- नेपाल बैङ्कको स्थापना (वि.स. १९९४ कार्तिक ३०)
- त्रिचन्द्र कलेजमा विज्ञान शिक्षा प्रारम्भ
- नेपालमै ओभरसियर तालिम तथा SLC परीक्षाको जिम्मा नेपाल शिक्षा विभागलाई दिएको
- दार्जीलिङको धिरधाम देवालय, पशुपतिको गौशाला, जावलाखेलको चिडियाखाना (वि.स. १९९८) आदीको निर्माण
- वि.स. १९९० मा महाभूकम्प जाँदाका प्रधानमन्त्री

- आफ्नै हातले पद्म शमशेरलाई मुकुट पहिराएका प्रधानमन्त्री
- पहिलो पशु चिकित्सालयको व्यवस्था
- टेलिफोनको व्यवस्था तथा मिलिट्री स्कुलको स्थापना
- जन्म र मृत्यु दर्ता अड्डाको स्थापना
- वि.स. १९९७ मा ४ युवालाई फाँसीको सजाय दिएका

## ८. पदम शम्शेर (२००२-२००५)

- रुन्चे प्रधानमन्त्री
- तेस्रो पुस्ताको राणा प्रधानमन्त्री
- स्कूलका पिता
- **"म राष्ट्रको नोकर हुँ"** भन्ने प्रधानमन्त्री
- नेपालको पहिलो संविधान **"नेपाल सरकारको वैधानिक कानुन २००४"** (वि.स. २००४ माघ १३) गते घोषणा गर्ने प्रधानमन्त्री
- सर्वसाधारणलाई बिजुली र रेडियो सेट राख्न पाउने व्यवस्था
- पब्लिक हाईस्कुल र कन्या माध्यमिक विद्यालयको स्थापना
- गोरखापत्रलाई हप्ताको ३ पटक प्रकाशित गर्ने अनुमति
- बाटोघाटो, पुल, अस्पताल, छापाखाना आदिको विस्तार
- स्वास्थ्य उपचारको निहुँमा भारत गई त्यहि बाट जर्नेल डम्बर शमशेर थापा र क्याप्टेन खड्क बहादुरको हात राँचीबाट आफ्नो राजिनामा पठाई आफु भारतमै बसोबास गरेका

## ९. मोहन शम्शेर (२००५-२००८)

- नेपालका अन्तिम राणा प्रधानमन्त्री
- **"दिल्ली सम्झौता"** मा हस्ताक्षर गर्ने प्रधानमन्त्री

## नेपालका ऐतिहासिक पर्वहरू

### १. कोत पर्व (वि.सं. १९०३ असोज २)

- मुख्य कारण - गगनसिंहको हत्या
- सर्वप्रथम मारिने व्यक्ति - अभिमानसिंह बस्नेत
- प्रधानमन्त्री - फत्यजङ्ग शाह
- कोत पर्वकी आमा - राज्यलक्ष्मी
- ४० भन्दा बढी भारदारहरूको हत्या

### २. भण्डारखाल पर्व (वि.सं. १९०३ कार्तिक १२)

- प्रधानमन्त्री जङ्ग बहादुर राणाको हत्या गर्ने अभिप्रायले भएको
- सर्वप्रथम मारिने व्यक्ति - विरध्वज बस्नेत
- पोल खोल्ने व्यक्ति - पण्डित विजयराज
- बस्नेत पर्व भनेर चिनिने
- योजनाका सुत्रधार - गगनसिंहको छोरा बजिरसिंह
- यस पर्व पछि रानी राज्यलक्ष्मीको आफ्नो छोरा रणेन्द्रलाई राजा बनाउने सपना अधुरो भएको
- २३ जनाको मृत्यु भएको

### ३. अलौ पर्व (१९०४ श्रावण अन्त्यतिर)

- पर्सा जिल्लाको अलौ भन्ने ठाउँमा घटेको घटना
- नेपालको वाटर लु भनेर चिनिने
- जङ्ग बहादुरले सनकसिंह र बमबहादुरको नेतृत्वमा पठाएको फौजले राजा राजेन्द्रका १२ सय जति फौजलाई पराजय गरेको

## ४. वि.सं. १९०७ को काण्ड

- जङ्ग बहादुरको पदच्यूत गर्ने उद्देश्यले श्री ५ सुरेन्द्रका भाई उपेन्द्रले रचेको
- जङ्ग बहादुरको भाई बद्रिनरसिंह कुवरलाई समावेश गरिएको
- पोल खोल्ने - बमबहादुर
- जङ्ग बहादुरले राजा सुरेन्द्रलाई कुरा लगाएर वि.सं. १९०७ मा भारतको इलाहावाद किल्लामा कैद गर्ने व्यवस्था मिलाएका
- राजकुमार उपेन्द्रलाई भादगाउँको दरबारमा १ वर्षसम्म बन्दी बनाइएको
- उपेन्द्र यो कार्यको असफलता पछि पागल भएका

## ५. वि.सं. १९३८ को काण्ड

- वि.सं. १९३८ मा तराइमा शिकार खेल्न जादा नरेन्द्र विक्रम शाहले रणोद्दिप सिंह, धिर शमशेर र उनका सबै सन्तान निर्मुल पार्ने उद्देश्यले रचिएको
- काम पुरा नहुदै पोल खुलेको
- नरेन्द्र विक्रम शाह, जगतजङ्ग र बमविर सिंहलाई इलाकावादको चुनार जेलमा अंग्रेजको नजरबन्दमा राखिएको
- सुब्बा टंकनाथ, सुब्बा होमनाथ आदि दश जना बाहुनहरू मुडिई जातिच्युत गरिएको
- ४१ जना भन्दा बढीको हत्या गरिएको

## ६. ४२ सालको पर्व

- वि.सं. १९४२ मा रावलपिण्डीको सैनिक प्रदर्शनीमा भाग लिन विर शमशेर जाने व्यवस्था भएको
- सैनिक शक्तिको फाइदा उठाई विर शम्शेर र उनका भाईहरू मिलेर रणोद्दिपसिंहको हत्या गरिएको
- जङ्ग बहादुरको छोरा जगतजङ्गको पनि हत्या गरिएको

## ७. मकै पर्व (वि.सं. १९७७)

- **"मकैको खेति"** नामक पुस्तकका लेखक - सुब्बा कृष्णलाल अधिकारी
- कृष्णलाल अधिकारीलाई नेपालको पहिलो साहित्यिक सहिद भनिन्छ।

## ८. लाइब्रेरी पर्व (१९८७)

- लाइब्रेरी खोल्ने योजना बनाएका लक्ष्मी प्रसाद देवकोटा लगायतका युवालाई बन्दी बनाउन खोजिएको घटना
- पोल खोल्ने - रामचन्द्र अधिकारी
- जरिवाना रु १०० तिराएर मुक्त गरिएको

## ९. प्रचण्ड गोर्खा पर्व (१९८८)

- राणा शासन विरूद्धमा काम गर्ने उद्देश्यले खोलिएको संस्था
- पोल खोल्ने - लक्ष्मण राजा
- जेलमै मृत्यु हुने - खड्गमानसिंह र मैनाबहादुर

## १०. नेपाल प्रजा परिषद (वि.सं. १९९३ जेठ २०)

- नेपालको पहिलो पाटी
- सभापति - टंक प्रसाद आचार्य
- उपसभापति - गोविन्द प्रसाद उपाध्याय
- महासचिव - रामहरी शर्मा
- भित्री सदस्यबाट पोल खोलिएको
- ५०० जना कार्यकर्ता पक्राउ
- ४ जनालाई मृत्युदण्ड (धेरैलाई जन्मकैद)
- वि.सं. २०७४ कार्तिकमा नेकपा एमालेमा विलय

## ११. नागरिक अधिकार समिति (१९९४)

- नेपाली जनताले नागरिक अधिकार उपयोग गर्न पाउनुपर्छ भन्ने उद्देश्य खोलिएको
- अध्यक्ष - शुक्रराज शास्त्री
- सचिव - केदारमान श्रेष्ठ (व्यथित)
- प्रचार सचिव - शंकर प्रसाद नेपाल

## १२. जयतु संस्कृतम आन्दोलन (२००४ जेठ १५)

- तिनधारा पाठशालामा अध्ययनरत विद्यार्थीले इतिहास, भूगोल लगायतका विषय माग गरि गरेको आन्दोलन
- प्रधानमन्त्री - पदम शम्शेर

## १३. नेपालमा प्रथम आमनिर्वाचन

- वि.सं. २०१५ फागुण ७ गते देखि २०१६ वैशाख १६ सम्म
- निर्वाचन क्षेत्र - १०९
- भाग लिने दल - ९ वटा (१४ स्वतन्त्र)
- उम्मेदवारको सङ्ख्या - ७८६
- मतदाता सङ्ख्या - ४२,४६,४६८
- खसेको मत - १७,९१,३८१ (४२.१८%)
- मतदाताको उमेर - २१ बर्ष
- सबैभन्दा बढी मत लिई बिजय - काशीप्रसाद श्रीवास्तव
- निर्वाचित एक मात्र महिला - द्वारिका देवि ठकुरानि (डडेल्धुरा)
- सबै भन्दा बढी सिट जित्ने - नेपाली काग्रेस (७४)
- दोस्रो - गोरखा परिषद (१९)
- पहिलो परिणाम आउने - गुल्मी
- अन्तिम परिणाम आउने - बागलुङ
- नेपालको प्रथम जननिर्वाचित प्रधानमन्त्री - वि.पि. कोइराला

## १४. नेपालको ऐतिहासिक जनमत संग्रह

- जनमत संग्रहको घोषणा - वि.सं. २०३६ जेठ १० (राजा विरेन्द्र)
- भूतपूर्व प्रधान न्यायाधिस भगवती प्रसाद सिंहको अध्यक्षतामा १५ सदस्यीय निर्वाचन आयोग गठन
- जनमत संग्रह सम्पन्न - वि.सं. २०३७ बैशाख २०
- नतिजा घोषणा - वि.सं. २०३७ जेठ १
- पञ्चायतको पक्षमा मत - ५५% (५५ वटा जिल्ला)
- बहुदलिय व्यवस्थाको पक्षमा मत - ४५% (२० वटा जिल्ला)

- राष्ट्रिय पञ्चायतका लागि दोस्रो आम निर्वाचन - वि.सं. २०४३ बैशाख २९

## १५. वि.सं. २०४६ को जनआन्दोलन

- नेपालमा प्रजातन्त्र पुनःस्थापनाको लागि भएको आन्दोलन
- आन्दोलनको घोषणा - वि.सं. २०४६ माघ ७
- आन्दोलनको सुरूवात - वि.सं. २०४६ फागुण ७ (४९ दिन सम्म)
- आन्दोलनको अन्त्य - वि.सं. २०४६ चैत २६
- नेतृत्व - गणेशमान सिंह
- आन्दोलन पछि गठित सरकारको प्रधानमन्त्री - कृष्ण प्रसाद भट्टराई (११ सदस्य)
- वि.सं. २०४६ माघ ७ घोषणा भएको संयुक्त कार्यक्रम (नेपाली काग्रेसका अध्यक्ष कृष्ण प्रसाद भट्टराई र संयुक्त वाम मोर्चाकी अध्यक्ष सहाना प्रधान)
  - फागुण ७ - आम सभा र जुलुस प्रर्दशन
  - फागुण ८ - नेपाल बन्द
  - फागुण १४ - पञ्चायत विरूद्ध कालोपट्टि बाँध्ने
  - फागुण १९ - बिजुली बन्द (ब्ल्याक आउट)

## १६. २०६२/६३ को आन्दोलन (जनआन्दोलन-२)

- सात राजनीतिक दल मिलेर सुरूवात - वि.सं. २०६२ जेठ ८
- अन्तिम चरणको आन्दोलन सुरूवात - वि.सं. २०६२ चैत २४
- आन्दोलनको अन्त्य - वि.सं. २०६३ बैशाख ११ (१९ दिन)

- वैशाख ११ लाई लोकतन्त्र दिवस मनाइन्छ
- आन्दोलन पछिका प्रधानमन्त्री - गिरिजाप्रसाद कोइराला

### १७. संविधान सभाको निर्वाचन

- पहिलो - वि.सं. २०६४ चैत २८
- दोस्रो - वि.सं. २०७० मंसिर ४

## नेपालका महत्वपूर्ण सन्धि तथा सम्झौताहरू

### १. केरुङ सन्धि (वि.सं. १८४६)

- नेपाल र तिब्बत बिचको सन्धि (सन १७८९ जुन २)
- सर्त (धारा) - ५ वटा
- **हस्ताक्षरः-**
  - नेपालको तर्फबाट - बम शाह
  - तिब्बतको तर्फबाट - साकिया लामा

### २. बेत्रावती सन्धि (वि.सं. १८४९)

- नेपाल र तिब्बत बिच भएको दोस्रो सन्धि
- सर्तहरू - ७ वटा (सन १७९२)
- **हस्ताक्षरः-**
  - नेपालको तर्फबाट - देविदत्त थापा
  - तिब्बतको तर्फबाट - जनरल टुङ्गटुवान

### ३. थापाथली सन्धि (वि.सं. १९१२)

- नेपाल र तिब्बत बिच भएको तेस्रो सन्धि
- सर्तहरू - १० वटा (सन १८५६ मार्च २४)

- **हस्ताक्षरः-**
    - नेपालको तर्फबाट - जङ्ग बहादुर राणा
- यस सन्धिमा तिब्बतले नेपाललाई प्रतिवर्ष रू १०,००० उपलब्ध गराउनु पर्ने

## ४. रसुवा सन्धि (वि.सं. १९४१ जेठ २)

- थापाथली सन्धिमा समस्या देखिएपछि भएको अर्को सन्धि
- प्रधानमन्त्री रणोद्दिप सिंहको पालामा

## ५. कोशि सम्झौता (वि.सं. २०११ वैशाख १२)

- प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको पालामा
- **हस्ताक्षरः-**
    - नेपालको तर्फबाट - भुमि सुधार तथा योजना विकास मन्त्री महावीर शमशेर
    - भारतको तर्फबाट - योजनामन्त्री गुलजारीलाल नन्दा

## ६. गण्डक सम्झौता (वि.सं. २०१६ मंसिर १९)

- प्रधानमन्त्री वि.पि. कोइरालाको पालामा
- **हस्ताक्षरः-**
    - नेपालको तर्फबाट - उपप्रधानमन्त्री सुवर्ण शम्शेर
    - भारतको तर्फबाट - भगवान सहायक

## ७. महाकाली सम्झौता (वि.सं. २०५२ माघ २९)

- **हस्ताक्षरः-** प्रधानमन्त्री शेरबहादुर देउवा

## ८. सुगौली सन्धि (वि.सं. १८७२)

- सन १८१६ मार्च ४ (Draft: सन १८१५ Dec 2)
- नेपाल र अंग्रेज बिच भएको सन्धि
- सर्तहरू - ९ वटा
- **हस्ताक्षरः-**
    - नेपालको तर्फबाट - गजराज मिश्र, चन्द्र शेखर उपाध्याय
    - अंग्रेजको तर्फबाट - जर्ज ब्राड शा

## केही व्यक्तित्वहरू

## १. राजेन्द्रलक्ष्मी

- राजा प्रतापसिंहकी रानी र रणबहादुर शाहकी आमा
- नेपाल एकिकरणमा महत्वपूर्ण भुमिका रहेको
- नेपालको इतिहासमा विराङ्गनाको रूपमा चिनिएको
- उनले रणबहादुर शाहको नायवी शासन चलाएकी थिइन् (८ वर्ष)
- क्षयरोगले ग्रस्त भई वि.सं. १८४२ श्रावण २ मा निधन
- नेपालको राजमाता

## २. बहादुर शाह

- पृथ्वीनारायण शाहको द्वितिय पुत्र (जन्म १८१४)
- अर्को नाम - फत्य बहादुर
- योग्य पिताको योग्य पुत्र
- वि.सं. १८५३ मा राजकोष दुरुपयोग गरेका आरोप बन्दी बनाइएको
- मृत्यु वि.सं. १८५४ असार १४

## ३. भिमसेन थापा

- नेपालको पहिलो प्रधानमन्त्री
- नेपालको पहिलो सैनिक जनरल
- नेपालमा बग्गी चढ्ने पहिलो व्यक्ति
- नेपालमा राहदानी प्रथाको सुरूवात (१८६३)
- बाघदरबार र टुडिखेलको निर्माण
- धरहराको निर्माण
- जग्गालाई हले, पाटे वर्गिकरण गरि अभिलेख राख्ने चलन
- घुस लिन र दिन नपाउने व्यवस्था
- काठमाडौं र पाटन जोड्ने बागमती पुलको निर्माण (१८८५)
- सुनधाराको निर्माण
- पशुपतिमा सुन र चाँदीका द्वार

## ४. जयपृथ्वी बहादुर सिंह

- बझाङ्गका राजा
- नेपालको दोस्रो गौतम बुद्ध
- मानवतावादी राजा
- पहिलो बाल साहित्यकार
- अक्षराङ्क शिक्षाका लेखक

## ५. अरनिको (पाल्पा)

- नेपालको लियोनार्दो दा भिन्चि
- बलबाहु भनेर चिनिने
- अरनिको चीन यात्रा - वि.सं. १३१७

- अरनिकोले विकास गरेको प्यागोडा शैलि - **"पाइतास्ते"**

## ६. पासाङ ल्हामु शेर्पा

- सगरमाथा आरोहण गर्ने प्रथम नेपाली महिला (विश्वको १७ औं) (विश्वको पहिलो - जुनको ताबेई, जापान)
- आरोहण मिति - वि.सं. २०५० बैशाख १०
- मृत्यु पश्चात दिइएको उपाधी - नेपाल तारा

## ७. लखन थापा (१८९१-१९३३ फागुन २)

- नेपालको प्रथम सहिद (औपचारिक घोषणा वि.सं. २०७२ असोज ३)
- जङ्ग बहादुर राणाले मृत्युदण्ड दिएका
- गोरखाको मनकामना मन्दिर अगाडी झुण्डाएर फाँसी दिइएको
- "जङ्ग बहादुर मेरो लाश सहित सति जानेछ" भन्दै मरेका

## ८. शुक्रराज शास्त्री

- जन्म - १९५० BS
- चार सहिदमध्ये सबैभन्दा पहिले मारिएको
- वि.सं. १९९७ माघ १०, टेकुमा झुण्डाएर मारिएको
- सर्वप्रथम 'जय नेपाल' शब्दको प्रयोग गर्ने व्यक्ति
- 'स्वर्गको दरबार' का लेखक

## ९. धर्मभक्त माथेमा

- जन्म - वि.सं. १९६५
- वि.सं. १९९७ माघ १२, सिफलमा झुण्डाइएको
- राजा त्रिभुवनका व्यायम प्रशिक्षक

## १०. गंगालाल श्रेष्ठ (रामेछाप)

- जन्म - वि.सं. १९७५
- वि.सं. १९९७ माघ १४, सोभाभगवतीमा गोलि हानि हत्या
- ४ सहिदमध्ये मृत्युदण्ड पाउने कम उमेरका
- महाविर इन्स्टिच्युटमा सामेल भई राणाविरोधी काम गरेको

## ११. दशरथ चन्द (बैतडी)

- जन्म - १९६० BS
- टंकप्रसाद आचार्यको सम्पर्कमा राणाविरोधी काम गरेको
- वि.सं. १९९७ माघ १४, सोभा भगवतीमा गंगालाल श्रेष्ठसँगै रूखमा बाधेर गोलि हानेको
- सहिद माइला उपनामले समेत चिनिने

## नेपालको इतिहासमा कसको उपनाम के?


- जिउँदो सहिद - टंक प्रसाद आचार्य
- जिउँदो सिंह - अमरसिंह थापा
- कला बहादुर - माथवरसिंह थापा
- खरिदार बाजे - बाबुराम आचार्य
- खरिदार बा - कृष्ण प्रसाद कोइराला
- सिमसिमे राजा - शिवसिंह मल्ल
- नाति जर्नेल - पशुपति शमशेर राणा
- विमान पण्डित - अच्युतानन्द
- सिध्वज - राजा जनक
- माइला मिनिष्दर - बम बहादुर राणा

- खलङ्गाका नायक - बलभद्र कुवर
- धोकेबाज नेता - तुलसी गिरी
- अवसरवादी नेता - विश्व बन्धु थापा
- जनताका कम्युनिष्ट - पुष्पलाल
- नेपालका शुकरात - नयराज पन्त
- लौह पुरुष, सर्वोच्च नेता - गणेशमान सिंह
- जननेता, सान्दाजु - वि.पि. कोइराला

## नेपालमा सर्वप्रथम

- त्रि.वि. का कुलपति - कान्ति राज्य लक्ष्मी
- त्रि.वि. का उपकुलपति - सुवर्ण शम्शेर (पहिलो उपप्रधानमन्त्री)
- सभामुख - कृष्ण प्रसाद भट्टराई
- शाह उपाधिधारी राजा - कुलमण्डन शाह
- ठकुरीवंशी राजा - भाष्करदेव
- सेनवंशी राज्यका संस्थापक - रुद्र सेन
- मुलकाजी - कालु पाण्डे
- सेनापति - विराज थापा
- विश्व भ्रमण गर्ने - केशर शम्शेर जबरा
- सर्वसाधारण जनताबाट प्रधानमन्त्री - मातृका प्रसाद कोइराला
- निर्वाचन आयुक्त - सुरेन्द्र बहादुर बस्नेत
- राष्ट्र बैङ्कका गर्भनर - हिमालय शमशेर
- प्रधानन्यायाधीश - हरि प्रसाद प्रधान
- पब्लिक सर्भिस कमिसनका सभापति - नगेन्द्रमान सिंह प्रधान
- लोकसेवा आयोगका अध्यक्ष - अनिरुद्ध प्रसाद सिंह

- प्रहरी महानिरिक्षक - तोरण शमशेर जबरा
- प्रधान सेनापति - जनरल किरण शमशेर
- अमेरिका जाने - जय पृथ्वीबहादुर सिंह
- भिक्टोरिया क्रस पाउने - कुलविर थापा
- वैज्ञानिक - गेहेन्द्र शम्शेर
- पत्रिका - सुधासागर (वि.सं. १९५५)
- दैनिक पत्रिका - आवाज (वि.सं. २००७ फागुण ८)
- महिला मन्त्री - द्वारिका देवि ठकुरानी
- महिला उपप्रधानमन्त्री - शैलजा आचार्य
- मिस नेपाल - रुबि राणा
- ATM Card प्रयोग गर्ने बैङ्क - एभरेष्ट बैङ्क लि.
- Credit Card प्रयोग गर्ने बैङ्क - हिमालयन बैङ्क लि.



Thank You